मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/०७९

# योजना तथा कार्यक्रमहरु कार्यान्वयन सम्बन्धी अत्यन्त जरुरी सूचना

*सूचना प्रकाशित मिति : २०७९/०२/१२*

आ.व. २०७८/०७९ मा यस गाउँपालिकाको स्वीकृत बार्षिक नीति, कार्यक्रम तथा वजेटमा उल्लेखित योजना/कार्यक्रम एवं संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त, समपूरक, विशेष अनुदान, विभिन्न संघ संस्थाहरु सँगको साझेदारीमा संचालन गरिने योजना/कार्यक्रम लगायतका अन्य योजना/कार्यक्रमहरु ठेक्का प्रकृया तथा उपभोक्ता समिति मार्फत कार्यान्वयनका लागि गाउँपालिका सँग सम्झौता भई कार्यान्वयनको चरणमा रहेका योजना/कार्यक्रमहरु सम्झौतामा उल्लेखित समयावधि भित्र नै सम्पन्न गर्न गराउन हुन सम्पूर्ण सरोकारवालाहरुमा गाउँ कार्यपालिकाको कार्यालय विशेष अनुरोध गर्दछ । गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा एवं उपाध्यक्षज्यूको संयोजकत्वमा गठित गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको समन्वयमा मिति २०७९/०३/१५ गते सम्म वा सो अगावै सम्पूर्ण कागजातहरु सहित भुक्तानीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ । साथै कार्यालयले यस कार्यका लागि हदै सम्मको सहयोग तथा सहजीकरण गर्ने र आवश्यक समन्वय एवं सहजीकरण गर्दा समेत सोको वेवास्ता गरी तोकिएको समयावधि भन्दा ढिलो गरी भुक्तानीको लागि पेश हुन आएका योजना/कार्यक्रमहरुको हकमा विविध कारणवस भुक्तानी हुन नसकेमा गाउँ कार्यपालिकाको कार्यालय जिम्मेवार नहुने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत